नि.प्र.का. सप्तरी द.नं. २९/०४८/०४९ स.नि.हु.का.द.नं. ५/०६४/०६८

राजविराज दैनिक

वर्ष ३६ अंक ८९ २०८३ साल कात्तिक १८ गते बुधबार (4 Nov 2026 Wednesday) मूल्य रु. ५/-

बाल अधिकारको संरक्षण

बचावटको अधिकार :
पोषिलो खाना र स्वास्थ्योपचार पाउनु ।

विकासको अधिकार :
शिक्षा, खेलकुद र मनोरञ्जनको अवसर ।


संरक्षणको अधिकार :
हिंसा, दुर्व्यवहार र शोषणबाट सुरक्षा ।

सहभागिताको अधिकार :
आफ्नो हितका निर्णयमा बोल्न पाउनु ।

Log in : *rajbirajdainik.com.np*

यस अंक भित्र : २ पृष्ठमा : विश्वविद्यालयको नेतृत्वमा नयाँ.. ३ पृष्ठमा : घरको माया नपाउँदा बालश्रम... ३ पृष्ठमा : एल निनोले विश्वभर...

‘लालपुर्जा’ पाउन नगरवासी फेरी आन्दोलनको तयारीमा मन्त्रीको निर्देशन समेत कर्मचारीले टेरेनन्



दैनिक समाचारदाता
राजविराज, १७ कात्तिक ।

लालपूर्जा पाउन राजविराज नगरवासीले फेरी आन्दोलन गर्ने निष्कर्षमा पुगेका छन् । सरकारले विटौरी जग्गाधनीहरुका लागि लालपूर्जा बितरण गर्ने निर्णय गरे पनि विभिन्न वाहानामा लालपुर्जा वितरण गर्न ढिलाई तथा वितरणको प्रारम्भिक प्रक्रिया समेत सुचारु हुन नसक्दा नगरवासी आन्दोलन गर्ने निष्कर्षमा पुगेका हुन् ।

लालपुर्जा प्राप्तिका लागि नगरवासीद्वारा गठित संयुक्त जनआन्दोलन परिचालन संघर्ष समितिको मंगलवार बसेको वृहत बैठकले यसबारे भूमि व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्री प्रतिभा रावलको ध्यानाकर्षण गराउने र अबिलम्ब प्रक्रिया सुरु नगरिए पुनः आन्दोलन चर्काउने निर्णय गरेका छन् ।

सरकारी आश्वासन पछि लालपूर्जा बितरणको समान्य प्रक्रिया समेत सूचारु नभएपछी उनीहरु आन्दोलन गर्ने निष्कर्षमा पुगेको पीडितहरुले जनाएका छन् ।

समितिका संयोजक खेलानन्द दासले सरकारका मन्त्रिहरुले दशैं अगावै लालपुर्जा वितरण प्रक्रिया सुरु गर्ने आश्वासन र प्रतिबद्धता जाहेर गरे पनि स्थानीय कर्मचारीको लापरवाही र वेवास्ताका सूचारु हुन नसकेको गुनासो गरे ।

लालपुर्जा वितरणका लागि गठित समितिबाट हालसम्म एउटा सूचना निकाल्ने काम समेत नभएको भन्दै संयोजक दासले भने, “यस्तो ढिलासुस्तीले हामीलाई पुनः आन्दोलनको बाटो रोज्न बाध्य बनाइदै छ ।”

सरकारले भूमि सम्बन्धि समस्या समाधान तथा विटौरी जग्गाधनीलाई जग्गाधनी प्रमाण पत्र उपलब्ध गराउनका लागि बिटौरी जग्गा दर्ता सम्बन्धि गठन आदेश २०८३ मन्त्रि परिषद बैठकबाट स्वीकृत गर्नुका साथै अध्यादेश मार्फत नितिगत सुधार गरिसक्दा पनि जिल्लामा यस बारे कुनै प्रक्रिया सुरु नगर्नु सरकारको नीति तथा कार्यक्रम असफल बनाउने प्रयास कर्मचारीहरुबाटै हुन थालेको संयोजक दासको भनाई छ ।

जिल्ला भूमि समस्या समाधान समिति एवम् भूमि प्रशासन कार्यालय सप्तरीका प्रमुख रोहित भट्टराईको अध्यक्षतामा नापी कार्यालय, राजविराज नगरपालिका कार्यालय तथा जिल्ला प्रशासन कार्यालयका प्रतिनिधि सदस्य रहने गरी गठन भएको समितिले अहिलेसम्म जग्गा बारे सूचना प्रकाशन गर्ने काम समेत गरेको छैन ।

यस्तै मंगलवार मात्र बसेको समितिको पहिलो बैठकले पनि सूचना निकाल्ने कुनै निर्णय गरेन । समितिका अध्यक्ष भट्टराईले जनशक्ति र सवारी साधनको अभाव भएको, जग्गा वितरण प्रक्रिया शुरु गर्न आवश्यक कार्यविधि प्राप्त नभएको कारणले सूचना प्रकाशन गर्न ढिलाई भएको लाचारी व्यक्त गरे । उनले यस सम्बन्धमा मन्त्रालय पुगेर आवश्यक जानकारी लिएपछि मात्र सूचनाको प्रक्रिया अघि बढाउने जनाए ।

समितिमा रहेका सरकारी कर्मचारीको लापरवाही र ढिलासुस्तीले सरकारको नीति तथा कार्यक्रम असफल हुन लागेको संघर्ष समितिका सदस्य घनश्याम दासले बताए ।

गत असोज २६ गते युवा, श्रम तथा रोजगार मन्त्री रामजी यादवले राजविराज नगर क्षेत्रका बिटौरी जग्गा बाहकहरुलाई दशै अगावै लालपुर्जा वितरणका लागी आवश्यक प्रक्रिया सुरु गर्न निर्देशन दिएका थिए ।

लालपुर्जा विहिन नगरवासीलाई लालपुर्जा दिने मनसायले जग्गा दर्ता सम्बन्धि गठन आदेश २०८३ मन्त्री परिषदको बैठकबाट समेत स्विकृत भइसकेको अवस्थामा कुनै ढिलाई नगरी उक्त निर्णय छिटो छरितो ढंगले कार्यान्वयनमा ल्याउन पर्ने उनले निर्देशन दिएका थिए ।

उनले दशै विदा अगावै लालपुर्जा वितरणका लागी सूचना लगायत आवश्यक प्रक्रिया सुरु गर्न निर्देशन दिदै कुनै बाधा अड्चन भए आफुहरुले त्यसको फुकाउ गर्ने प्रतिबद्धता जनाएका थिए ।

उक्त बैठकमा प्रमुख जिल्ला अधिकारी श्याक कृष्ण थापा, प्रहरी उपरिक्षक रुपक खडगा, राजविराज नगरपालिकाका कार्यवाहक मेयर इसरत परवीन, तिलाठी कोइलाडी गाउँपालिकाका अध्यक्ष अरुण मण्डल, छिन्नमस्ता गाउँपालिकाका अध्यक्ष विद्यानन्द चौधरी, राष्ट्रिय स्वतन्त्र पार्टी राजविराज नगर समितीका सभापती खेलानन्द दासका साथै भुमि प्रशासन, नापी, राजविराज नगरपालिका, सडक विभाग, पूर्वाधार विकास लगायत कार्यालयका प्रमुखहरुको सहभागिता थियो ।

बाँकी अन्तिम पृष्ठमा

हुंकार मधेशको सप्तरी अभियन्ता समूह गठन



दैनिक समाचारदाता
राजविराज, १७ कात्तिक ।

हुंकार मधेश अभियानका क्रममा मंगलबार सप्तरीमा जिल्ला अभियन्ता समूह गठन गरिएको छ ।

हुंकार मधेशको राजविराजमा सम्पन्न जिल्ला भेलाले शैशव राजु सहजकर्ता रहने गरि ३४ सदस्यीय जिल्ला अभियन्ता समूह गठन गरिएको हो ।

आयोजित जिल्ला भेलामा केन्द्रीय प्रवक्ता केशव कुमार झा र आर्थिक विभाग प्रमुख सचिदानन्द झाको विशेष उपस्थिति कार्यक्रम सम्पन्न भएको हो ।

कार्यक्रममा चन्द्रानन्द ज्योतिष, बैजु स्वामी, भोगेन्द्र मण्डल, ललन शंकर, डा. विशेष यादव, प्रदिप शर्मा लगायतका वक्ताहरुले शुभकामना मन्तव्य व्यक्त गरेका थिए ।

गत असोज ९ गते घोषणा भएको हुंकार मधेशले यस अघि केन्द्रमा सहजकर्ता, प्रवक्ता र २१ जना विभागीय प्रमुखहरु घोषणा गरिसकेको छ ।

दीपावली मनाउँदा ध्यान दिऔं

- दियो, मैनबत्ती बाल्दा आगोले टिप्ने सामान नजिक नराखौं,
- मैनबत्ती, दियो बालिसके पछि ननिभेसम्म निगरानी गरौं,
- यस्तो समयमा विद्युत सट भई आगो लाग्ने सम्भावना भएकोले सचेत बनौं,
- विद्युतीय प्लगको क्षमता अनुसार मात्र बत्तीको प्रयोग गरौं,
- पटाका तथा अन्य प्रज्वलनशील वस्तुको प्रयोग नगरौं।



आगजनीबाट बचौं र बचाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

सम्पादकीय

क्रिकेटमा भविष्य

नेपाली क्रिकेटमा पनि युवाहरुको भविष्य सुनिश्चित भइरहेको छ । यस खेलप्रति अहिले यूवाहरुको निकै आकर्षण बढ्दो छ । अहिले नेपालमा यस खेलका लागि अत्याधुनिक सुविधा सम्पन्न खेलमैदान बनेको छ र केही ठाउँमा बन्दै पनि छ । व्यावसायिक खेलकुद प्रतियोगितामध्ये सबैभन्दा ठूलो मानिएको नेपाल प्रिमियर लिग एनपिएल क्रिकेट प्रतियोगिताको तेश्रो संस्करण समेत सुरु भइसकेको छ । जसलाई अन्तरीष्ट्रय क्रिकेट काउन्सीलले समेत मान्यता दिएको छ । जस कारण अहिले नेपालमा क्रिकेट खेल्न विदेशी खेलाडीहरु पनि आकर्षित भएका छन् । जसले गर्दा विश्वकै क्रिकेटप्रेमीहरुको ध्यान नेपालतर्फ आकृष्ट भएको छ ।

फ्रेन्चाइज प्रतियोगिताका रुपमा व्यावसायिक प्रतिष्ठानहरुका साथै निजी क्षेत्रबाट करोडौं लगानी गरिएको एनपिएल क्रिकेटको दुई संस्करणको सफलतापछि तेश्रो संस्करण सुरु भएको छ । आठ वटा टिमसँग १० वर्षको सम्झौता गरेको छ । यसले पनि नेपाली युवा क्रिकेटरहरु यस खेलमा भविष्य सुनिश्चित छ भन्ने सन्देश प्रवाह भएको छ ।

एनपिएल क्रिकेट प्रतियोगिताको माध्यमबाट नेपालले विश्वभर एउटा छुट्टै पहिचान बनाउन सफल भएको छ । यति मात्र नभएर नयाँ पुस्ताले अहिले जागिर, व्यवसायी भन्दा पनि क्रिकेट खेलमै भविष्य बनाइरहेक छन् । यो नयाँ नेपालको उपलब्धी पनि हो । तसर्थ क्रिकेटप्रति बढ्दै गएको मोहलाई अझ प्रगाढ बनाउन सबै नेपालीहरु हातेमालो गर्नु आवश्यक छ ।

सप्तरीका रमणीय ठाउहरुबारे तपाईंलाई थाहा छ ?

सप्तरी जिल्ला पर्यटकीय गन्तव्यका लागि आकर्षक छ । तर, यसबारे धेरैलाई जानकारी छैन् । धार्मिक पर्यटकदेखि रमणीयस्थलहरु छन् ।

धार्मिक पर्यटनमा मुलुककै प्रसिद्ध एवं चर्चित छिन्नमस्ता मन्दिर यहीं जिल्लामा छन् । छिन्नमस्ता गाउँपालिकामा अविस्थत यो मन्दिरमा पूजापाठ गर्न टाढा टाढाबाट व्यक्तिहरु आउने गर्छन् । मन्दिर अगाडि रहेको पोखरी, पिकनिक स्पोर्ट, धर्मशाला समेत यहाँ रहेको छ ।

कंकालिनी मन्दिर : हनुमाननगर कंकालिनी नगरपालिका वडा नम्बर १ भारदहस्थित यो मन्दिर पनि मुलुककै चर्चित देवी मन्दिर हो ।

शम्भुनाथ मन्दिर : यो शम्भुनाथ नगरपालिकाभित्र छ । मन्दिरकै नामबाट पालिकाको नामांकरण समेत गरिएको छ । यहाँ बिक्रम सम्वत्को नयाँ साल अर्थात् बैशाख १ गतेदेखि एक महिनासम्म ठूलो मेला लाग्ने गर्दछ । साउन महिनामा श्रद्धालुको ठूलो घुइँचो यहाँ लाग्ने गर्दछ ।

हनुमान मन्दिर : हनुमानगर कंकालिनी नगरपालिकाको हनुमाननगर बजारमा पुरानो हनुमान मन्दिर छ । कालो हनुमान मन्दिर पुग्दा जोकोहि पनि मोहित हुन्छन् । जिल्लामा अन्य धेरै देवी देवताका मन्दिरहरु छन् ।

कोशी टप्पु : कोशी टप्पु वन्यजन्तु आरक्ष पनि यहीं जिल्लामा छन् । कंचनरुप नगरपालिकास्थित आरक्षमा गैंडासहित बिभिन्न वन्यजन्तुहरुको अवलोकन गर्न सकिन्छ ।

धारापानी क्षेत्र : चुरको कोखमा रहेको यो धारापानी क्षेत्र कंचनरुप नगरपालिकामा रहेको छ । यो ठाउँ पिकनिक मनाउनका लागि राम्रो स्थल मानिन्छ ।

लोहजारा दह : तिरहुत गाउँपालिकामा रहेको छ यो दह । यो ठाउँ पिकनिक मनाउनका लागि प्रसिद्ध मानिएको छ यो ठाउँ । यी ठाउँहरुको अवलोकन गरौं र मनलाई प्रसन्न बनाऔं ।

जनहीतका लागि : राजविराज दैनिक

विश्वविद्यालयको नेतृत्वमा नयाँ अनुहार, सुधारको अपेक्षा

सिबी अधिकारी

काठमाडौँ, १७ कात्तिक (रासस) ।

मुलुकको शिक्षा प्रणाली सुधार गरी यसलाई प्रविधिमैत्री व्यावहारिक र जीवन उपयोगी बनाउने मुख्य दायित्व शिक्षा तथा खेलकुद मन्त्रालयको हो ।

शिक्षाका साथै खेलकुद क्षेत्रको विकास र विस्तारमा मन्त्रालयको उत्तिकै भूमिका छ । विशेषगरी उच्च शिक्षाको सुधारका लागि मन्त्रालयले लिने पहलकदमी र मार्गनिर्देशनअनुरुप विश्वविद्यालयलाई विशिष्टिकृत बनाउने दायित्व विश्वविद्यालय पदाधिकारीको काँधमा छ ।

शिक्षा तथा खेलकुदमन्त्री सस्मित पोखरेलको 'एकेडेमिक सारथी'का रुपमा सात विश्वविद्यालयका उपकुलपति हुनुहुन्छ । यी सात अनुहार केबल नेतृत्व मात्रै होइन नागरिकको परिवर्तनको आकाङ्क्षालाई आत्मसात् गरी शैक्षिक संस्थालाई परिणाममुखी बनाउने कार्यकारी पनि हुन् ।

उच्च शिक्षा विद्यालय तहपछि अर्थात् माध्यमिक तहपछि प्राप्त गरिने शिक्षा हो । उच्च शिक्षाको श्रीवृद्धिका लागि त्यसको नेतृत्व कस्तो हुन्छ भन्ने अर्थ राख्छ । देशको भविष्य निर्माण गर्ने कर्णाधार उत्पादन र जीवनोपयोगी सीप, ज्ञान हासिल गर्न यसको महत्व र सान्दर्भिकता हुन्छ ।

यस्तो शिक्षाको सक्षम नेतृत्व प्रदान गरी उच्च शिक्षाको व्यावसायिक र गुणस्तरीयता कायम गर्न विश्वविद्यालयको नेतृत्वको महत्वपूर्ण भूमिका रहन्छ ।

शिक्षामन्त्रीको अभिभावकत्वमा उच्च शिक्षाको सुधार र विश्वविद्यालयको उत्कृष्टता कायम गर्नाका साथै समयमै परीक्षाको नतिजा निकाल्न, शैक्षिकसत्र प्रभावकारी सञ्चालन गर्न र विश्वविद्यालयको भौतिक सम्पत्तिको जगेर्ना र उपभोगका लागि पनि उत्तिकै ध्यान दिनुपर्ने हुन्छ । विश्वविद्यालयको खस्किएको शाख उकास्न र शिक्षा र परीक्षा प्रणाली सुधारका लागि प्राथमिकता दिनुपर्ने छ ।

सरकारले त्रिभुवन विश्वविद्यालयसहित सात विश्वविद्यालयमा उपकुलपतिलगायत पदाधिकारी नियुक्त गरिसकेको छ । नियुक्त पदाधिकारीले आ-आफ्नो जिम्मेवारी पनि सम्हालिसक्नुभएको छ । उपकुलपति नियुक्ति गर्न विभिन्न विश्वविद्यालयको उपकुलपति छनोट तथा सिफारिससम्बन्धी एकीकृत कार्यविधि २०८३' जारी गरिएको थियो ।

उपकुलपतिको नाम सिफारिस गर्न शिक्षामन्त्री तथा सहकुलपति सस्मित पोखरेलको अध्यक्षतामा सिफारिस समिति गठन गरिएको थियो । उक्त समितिले विज्ञको नेतृत्वमा अर्को उपसमिति बनाएर उपकुलपति छनोट गरेको हो ।

सरकारले त्रिविसहित सात विश्वविद्यालयमा उपकुलपति नियुक्ति गरेको छ । नियुक्त उपकुलपतिले विश्वविद्यालय सुधारका लागि कामको थालनी गरिसकेका छन् ।

त्रिभुवन विश्वविद्यालयका उपकुलपति प्रा डा भोला थापाले करिब ३० वर्ष काठमाडौँ विश्वविद्यालयमा काम गर्नुभएको छ । उहाँसँग चार वर्ष काठमाडौँ विश्वविद्यालयको उपकुलपति सम्हालेको अनुभव पनि छ । उहाँले हाइड्रोलिक मेसिनमा बालुवाका कणले हुने घर्षणमा विद्यावारिधि गर्नुभएको छ ।

विसं २०७७ मा थापा काठमाडौँ विश्वविद्यालयको उपकुलपति नियुक्त हुनुभएको थियो । यसअघि थापाले काठमाडौँ विश्वविद्यालयमा डिन, रजिस्ट्रार र उपकुलपतिसमेत रहेर काम गर्नुभएको थियो । उपकुलपति थापासँग जलविद्युत्सहित ऊर्जा क्षेत्रको अनुसन्धान र इन्जिनियरिङ शिक्षा क्षेत्रको ज्ञान छ ।

काठमाडौँ निवासी डा थापाले सन् १९८३ मा ल्याबोरेटोरी हाई स्कुलबाट प्रथम श्रेणीमा एसएलसी उत्तीर्ण गरी अमृत साइन्स कलेजबाट विज्ञान विषयमा प्रविणता प्रमाणपत्र तह (पिसिएल) पूरा गर्नुभएको थियो । त्यसपछि उहाँले नेपाल सरकारको कोलम्बो प्लान छात्रवृत्तिअन्तर्गत भारतको पञ्जाब इन्जिनियरिङ कलेजबाट सन् १९९१ मा मेकानिकल इन्जिनियरिङमा स्नातक (बीइ) गर्नुभयो । उहाँले सन् १९९९ मा भारतकै बिरला इन्स्टिच्युट अफ टेक्नोलोजी एन्ड साइन्सबाट स्नातकोत्तर (एमई) र सन् २००४ मा नर्वेको नर्वेजियन युनिभर्सिटी अफ साइन्स एण्ड टेक्नोलोजीबाट स्याण्ड इरोजन इन हाइड्रोलिक मेसिनरीमा बालुवाको क्षयीकरण विषयमा विद्यावारिधिको उपाधि हासिल गर्नुभएको छ ।

बैतडीका किसनदत्त भट्ट सुदूरपश्चिम विश्वविद्यालयको उपकुलपति हुनुहुन्छ । इन्जिनियरसमेत रहनुभएका भट्टसँग सुदूरपश्चिम विश्वविद्यालयमा लामो समयदेखि अध्यापन गराएको अनुभव छ । उहाँले दुई कार्यकाल इन्जिनियरिङ अध्ययन संस्थानमा डिन रहेर काम गर्नुभएको थियो ।

भट्टले २०६२/६३ पछि केही समय लोकसेवा पास गरेर सहरी विकास तथा भवन निर्माण विभागअन्तर्गत डिभिजन कार्यालय चितवनमा रहेर काम गर्नुभएको थियो । पछि स्नातकोत्तर अध्ययनका लागि निजामती सेवा छाडेर हङकङ जानुभयो ।

उहाँले हङकङबाटै सहरी विकास कार्यक्रममा स्नातकोत्तर गर्नुभयो । स्वदेश फर्किएर नेपाल इन्जिनियरिङ कलेजमा प्राध्यापन गर्नुभयो । हङकङबाटै विद्यावारिधि गर्नुभएका उहाँले त्यसपछि स्वदेश फर्किएर केही समय पुल्चोक र थापाथली इन्जिनियरिङ क्याम्पसमा अध्यापन गराउनुभयो । त्यसपछि सुदूरपश्चिम विश्वविद्यालयमा आबद्ध हुनुभएका उहाँ उपकुलपति बन्नुभएको छ । प्रशासनिक एवं शैक्षिक विकासमा भट्ट कुशल प्राध्यापक मानिनुहुन्छ ।

डा राजन सुवाल मध्यपश्चिम विश्वविद्यालयको उपकुलपति हुनुहुन्छ । भक्तपुरका सुवालले मध्यपश्चिम विश्वविद्यालयमै पढेर यसको नेतृत्व लिने अवसर प्राप्त गर्नुभएको छ । उहाँसँग मध्यपश्चिम विश्वविद्यालयको इन्जिनियरिङ सङ्कायको डिनका रूपमा काम गरेको अनुभव छ । डा सुवाल खप इन्जिनियरिङ कलेजका पूर्वसंस्थापक प्रिन्सिपल (सस्थापक प्राचार्य) हुनुहुन्छ । उहाँले सन् २००१ देखि २००९ सम्म खप कलेजको नेतृत्व गर्नुभएको थियो । डा सुवाल नेपालका एक वरिष्ठ स्ट्रक्चरल इन्जिनियर र प्राध्यापक हुनुहुन्छ । उहाँले स्ट्रक्चरल इन्जिनियरिङमा विद्यावारिधि (पीएचडी) गर्नुभएको छ । लामो समय त्रिभुवन विश्वविद्यालय पुल्चोक क्याम्पसमा सह-प्राध्यापकका रुपमा अध्यापन गराउनुभएको थियो ।

लमजुङको राइनास नगरपालिकाका ऋषिराम कट्टेल कृषि तथा वन विश्वविद्यालयको उपकुलपति हुनुहुन्छ । उहाँसँग कृषि तथा वन विज्ञानका क्षेत्रमा अध्यापन एवं अनुसन्धानको अनुभव छ । कट्टेल रामपुरस्थित कृषि तथा वन विज्ञान विश्वविद्यालयमा सेवा गर्नुभयो । उहाँले कृषि व्यवस्थापन र कृषि अर्थशास्त्रमा विद्यावारिधि गर्नुभएको छ ।

उहाँ कृषि अर्थशास्त्रका प्राध्यापक, अनुसन्धानकर्ता तथा कृषि व्यवसाय, मूल्य शृङ्खला, बजार प्रणाली र नीतिगत विश्लेषणको विज्ञ हुनुहुन्छ । कट्टेलसँग करिब २० वर्षको शिक्षण, अनुसन्धान, विश्वविद्यालय प्रशासन तथा विकाससम्बन्धी अनुभव रहेको छ ।

उहाँले सो विश्वविद्यालयको प्राध्यापक, विभागीय प्रमुख, एकेडेमिक काउन्सिल सदस्य तथा अनुसन्धान तथा विस्तार निर्देशनालयका निर्देशकका रूपमा जिम्मेवारी निर्वाह गर्नुभएको छ ।

उहाँका ५० भन्दाबढी राष्ट्रिय तथा अन्तरराष्ट्रिय अनुसन्धान प्रकाशन रहेका छन् । उहाँको प्रमुख विशेषज्ञता कृषि अर्थशास्त्र, कृषि व्यवसाय व्यवस्थापन, मूल्य तथा आपूर्ति शृङ्खला, अर्थमितीय विश्लेषण, कृषि तथ्याङ्क, लागत-लाभ विश्लेषण, जलवायु-अनुकूल कृषि, बजार प्रणाली तथा नीति अनुसन्धानमा रहेको छ ।

राजर्षि जनक विश्वविद्यालयका उपकुलपति प्रा डा श्याम नारायण लाभ जनकपुर निवासी हुनुहुन्छ । उहाँ त्रिविकै प्राणीशास्त्रका प्राध्यापक हुनुहुन्थ्यो । उहाँले माछाको पोषणबारे भारतबाट विद्यावारिधि गर्नुभएको छ । उहाँ प्राध्यापकसँगै जलीय कृषि वैज्ञानिक र नीति अधिवक्ता पनि हुनुहुन्छ । उहाँ युनिभर्सिटी अफ इडाहो, संयुक्त राज्य अमेरिकाको फुलब्राइट रिसर्च स्कलर हुनुहुन्थ्यो । अमृत साइन्स क्याम्पसका अवकाशप्राप्त प्राध्यापक लाभले सोही क्याम्पसको प्राणीशास्त्र विभागको प्रमुख हुनुभएको थियो ।

चार दशकभन्दा बढी समयको अवधिमा उहाँले आफूलाई नेपालका सर्वाधिक सम्मानित वैज्ञानिक, शिक्षाविद् र दूरदर्शी व्यक्तिका रूपमा स्थापित गर्नुभएको छ । विज्ञान तथा शिक्षा क्षेत्रमा उहाँको विशिष्ट योगदानको कदर गर्दै उहाँलाई विभिन्न प्रतिष्ठित सम्मानहरूबाट विभूषित गरिएको छ, जसमा धेरै वटा लाइफ-टाइम अचिभमेन्ट अवार्ड (२०१०, २०१२, २०२० र २०२२) तथा विज्ञान रत्न पुरस्कार (२०२१) समावेश छन् । प्राज्ञिक उत्कृष्टताको राष्ट्रिय मान्यतास्वरूप उहाँलाई सन् २०१० मा नेपालका राष्ट्रपतिद्वारा 'नेपाल विद्या भुषण (क श्रेणी)' पदक प्रदान गरिएको थियो ।

भोजपुरका देवेन्द्र अधिकारी पोखरा विश्वविद्यालयको उपकुलपति हुनुहुन्छ । उहाँले लामो समय महेन्द्र मोरङ क्याम्पसमा अध्यापन गराउनुभएको थियो । उहाँले भौतिकशास्त्रमा विद्यावारिधि गर्नुभएको छ । उहाँले महेन्द्र मोरङमा भौतिकशास्त्र विभागीय प्रमुख रहेर पनि काम गर्नुभएको थियो ।

अधिकारी यसअघि पूर्वाञ्चल विश्वविद्यालय सेवा आयोग अध्यक्ष पनि हुनुभयो । विसं २०८२ माघमा उहाँ सेवा आयोग अध्यक्ष नियुक्त हुनुभएको थियो । अधिकारीसँग त्रिवि र खुला विश्वविद्यालयमा काम गरेको अनुभव छ । उहाँले त्रिवि र खुला विश्वविद्यालयको पाठ्यक्रम बनाउने विषय समितिमा रहेर पनि काम गर्नुभएको थियो । पीयु सेवा आयोग अध्यक्ष, एकेडेमिक काउन्सिलको सदस्य, बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानको धरानको छनोट समिति सदस्य र रिसर्च म्यानेजमेन्ट चेयरमेन हुनुभएको थियो ।

प्रा डा सुजनबाबु मरहट्ठा पूर्वाञ्चल विश्वविद्यालयका उपकुलपति हुनुहुन्छ । उहाँ प्रख्यात जनस्वास्थ्य विशेषज्ञ, प्राध्यापक तथा शिक्षाविद् हुनुहुन्छ । मरहट्ठाले खुला विश्वविद्यालयमा जनस्वास्थ्य विषय अध्यापन गर्दै आउनुभएको थियो । जनस्वास्थ्य विज्ञ उहाँ चिकित्सा शिक्षा आयोगका पूर्वनिर्देशक पनि हुनुहुन्छ ।

पूर्वाञ्चल विश्वविद्यालयको उपकुलपति हुनुअघि उहाँले नेपाल खुला विश्वविद्यालयमा जनस्वास्थ्य विषयको प्राध्यापक, चिकित्सा शिक्षा आयोगको निर्देशक तथा मनमोहन मेमोरियल इन्स्टिच्युट अप हेल्थ साइन्सेसमा जनस्वास्थ्य विभागको नेतृत्व गर्नुभएको थियो ।

उहाँ महामारी विज्ञान र सङ्क्रामक रोग नियन्त्रण (विशेषगरी क्षयरोग र कोभिड-१९) का ज्ञाता हुनुहुन्छ । उहाँका राष्ट्रिय तथा अन्तरराष्ट्रिय जर्नलमा १०० भन्दाबढी अनुसन्धानमूलक लेख प्रकाशित छन् । उहाँले नेपाल सरकारको उच्चस्तरीय स्वास्थ्य नीति मस्यौदा समिति, उच्चस्तरीय शिक्षा आयोग र स्वास्थ्य मन्त्रालयको कोभिड-१९ कमान्ड सिस्टममा रहेर महत्वपूर्ण योगदान पुऱ्याउनुभएको छ ।

घरको माया नपाउँदा बालश्रम र बेचबिखनमा पुग्न बाध्य बालबालिका

मधु शाही

काठमाडौँ, १७ कात्तिक (रासस)।

आमाबुबाबीचको झैझगडाबाट उनी दिक्क थिइन्। परिवारको माया र ममताको अभावले निराश भएकी उनी प्रेम पाउन साथी खोज्न थालिन्।

सामाजिक सञ्जाल फेसबुकबाट साथी त पाइन्। तर, त्यही साथीले भारतसम्म पुर्याउला भन्ने उनले कल्पना पनि गरेकी थिइनन्। भारतको विहारस्थित एउटा कोठामा बन्दी भएकी उनी बालिकालाई 'साथसाथ' संस्थाले उद्धार गरी नेपाल ल्याएको थियो।

परिवारमा एक्लोपन भोगेर मायाको खोजीमा भारतसम्म पुग्न बाध्य भएकी ती बालिका भन्छिन्, "मैलेजस्तै मायाको प्रलोभनमा परी घर छोडेर कुनै बालबालिका कतै जान नपरोस्", यस्तो हुन नदिन अभिभावक नै धेरै जिम्मेवार र सचेत हुनुपर्ने उनले सुनाइन्। उनलाई उद्धार गर्न खटिएकी अधिवक्ता रसना ढकालका अनुसार परिवारको माया र हेरचार नपाउँदा अधिकांश बालबालिका मानवबेचबखिनको चक्रब्युँहुमा फस्न बाध्य भएका छन्।

खासगरी बालिकामाथि हुने यौन शोषण र बेचबिखन अझै डरलाग्दो देखिएको उहाँले बताउनुभयो। 'साथसाथ' संस्थाले यो वर्ष दुई जना बालबालिकालाई बेचबिखन हुनुबाट जोगाइ परिवार समक्ष पुनर्मिलन गराएको छ।

संस्थाका अध्यक्ष सुचिता शाहले सडक बालबालिकाको स्थिति हेर्दा परिवारको माया नपाएर अभिभावकविहीन भएका बालबालिका सडकमा आउन बाध्य भएको बताउनुभयो। उहाँले नेपालमा पाँच हजारभन्दा बढी बालबालिका सडकमा बसोबास गर्ने र जीविकोपार्जनका लागि काम गर्ने अवस्था देखिएको बताउनुभयो।

"सडकका बालबालिका बेचबिखनको उच्च जोखिममा पर्छन्", उहाँले भन्नुभयो, "उनीहरु प्राय: बालश्रमका सबैभन्दा निकृष्टस्वरुप तथा विभिन्न प्रकारका शोषणको सिकार हुने गरेका छन्।"

साथीको सङ्गतमा लागेर कञ्चनपुर हुँदै भारततर्फ लागेकी अर्की बालिकाको पनि संस्थाले बीचैमा उद्धार गरेको अध्यक्ष शाहले बताउनुभयो। घर छोडेर भाग्नुको कारण बुझ्दै जाँदा पीडित बालबालिकाले परिवारमा आफूले आमाबुबाको माया, हेरचाह र स्नेह नपाएको गुनासो पोख्ने गरेको अध्यक्ष शाहले बताउनुभयो।

पछिल्लो समय सूचनाप्रविधिको विकासले बालबालिकाप्रति आमाबुबाको समय नपुग्नु र डिजिटल प्रलोभनमा परेर घरपरिवार छोड्ने बालबालिकाको सङ्ख्या बढ्न थालेको सुनाउनुभयो। बालबालिकासम्बन्धी राष्ट्रिय स्थिति प्रतिवेदन २०८१/८२ को तथ्याङ्कअनुसार देशभर हराएका पाँच हजार ६९ जना बालबालिका (बालक एक हजार ३५३ र बालिका तीन हजार ७१६) को खोजतलास गरिएकोमा चार हजार ४५६ जना (बालक एक हजार २१० र बालिका तीन हजार २४६) फेला परी परिवारसँग पुन: मिलन गराइएको छ।

बेवारिसे अवस्थामा फेला परेका १८४ जना बालबालिका (बालक १०५ र बालिका ७९) को उद्धार गरी परिवारको खोजतलास गरिएकोमा १०७ जनाको परिवार पहिचान भई पारिवारिक पुनर्मिलन गराइएको तथा परिवार पहिचान हुन नसकेका ७७ जनालाई बालगृहमा अस्थायी संरक्षा सेवा प्रदान गरी संरक्षण तथा व्यवस्थापन गरिएको छ।

तथ्याङ्कअनुसार ११५ जना सडक बालबालिका (बालक ८७ र बालिका २८) को उद्धार गरी संरक्षण व्यवस्थापन गरिएकोमा ३१ जनाको परिवार पहिचान गरी पारिवारिक पुनर्मिलन गराइएको र ८४ जनालाई अस्थायी संरक्षण सेवा प्रदान गरिएको छ। हिंसा तथा जोखिममा परेका ५२८ जना बालबालिका(बालक २०३ र बालिका ३२५) को तत्काल उद्धार तथा पुन:स्थापना गरिएको छ।

साथै, पाँच हजार ८८० जना बालबालिकालाई बाल हेल्पलाइनमार्फत जोखिम तथा हिंसासम्बन्धी मनोविमर्श, कानुनी परामर्श तथा आवश्यक अन्य सहयोग उपलब्ध गराइएको छ।

यस अवधिमा १० वटा संस्थालाई बालगृह सञ्चालन अनुमति प्रदान गरिएको छ भने २६ वटा बाल गृहहरुको सञ्चालन अनुमति नवीकरण गरिएको छ। सशस्त्र प्रहरी बल, प्रधान कार्यालयको वर्ष २०८२ को तथ्याङ्कमा मानव बेचबखिन तथा ओसारपसारबाट उद्धार गरिएका ११ जना बालक र ९४ जना बालिका गरी १०५ बालबालिका रहेका छन्।

त्यसैगरी लागुऔषध प्रयोग तथा ओसारपसारबाट पीडित तथा उद्धार र नियन्त्रणमा ३१ जना बालबालिका रहेका छन्।

प्रमुख प्रशासकीय अधिकृत नियन्त्रणमा : पालिकाको काममा केही दिन समस्या

भक्तपुर, १७ कात्तिक (रासस)।

मध्यपुर थिमि नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत भोजराज घिमिरलाई अख्तियार दुरुपयोग अनुसन्धान आयोगको टोलीले नियन्त्रणमा लिएपछि पालिकाको काममा केही दिनका लागि समस्या हुने भएको छ।

नगरपालिकाका सूचना अधिकारी केशव सिलवालले लामोसमयसम्म पालिकाको काममा अप्ठेरो नहुने बताउनुभयो। नगरपालिकाबाट निस्किएको बागमती प्रदेश ०१-०३५ च २६८७ नम्बरको टाटा इभी कार निकोसेरास्थित अजिमा पेट्रोल पम्प नजिकै अख्तियारको टोलीले घिमिरेलाई नियन्त्रणमा लिएको थियो।

कार जाँच गर्ने क्रममा शङ्कास्पद नगद रकम फेला परेपछि चालकसहित कारमा सवार भुवन दुङ्गेल र उनकी श्रीमतीलाई अख्तियारले नियन्त्रणमा लिएको हो। उक्त कारबाट रु ३३ लाख बरामद भएको थियो। सो रकम प्रमुख प्रशासकीय अधिकृत घिमिरेले घुसवापत लिई व्यवस्थापनका लागि ढुङ्गेललाई दिएको अख्तियारको दाबी छ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ अनुसार प्रमुख प्रशासकीय अधिकृत स्थानीय तहको प्रशासनिक प्रमुखका रूपमा रहने व्यवस्था छ। उहाँले नगरपालिकाको दैनिक प्रशासन सञ्चालन, नगरसभा तथा कार्यपालिकाको सचिवका रूपमा काम गर्ने, सभा तथा कार्यपालिकाका निर्णय कार्यान्वयन गर्ने, कर्मचारी प्रशासन सञ्चालन गर्ने तथा आर्थिक प्रशासन र बजेट कार्यान्वयनसम्बन्धी जिम्मेवारी निर्वाह गर्नुपर्ने व्यवस्था छ।

नगरपालिकाबाट प्रवाह हुने सार्वजनिक सेवालाई प्रभावकारी बनाउने, कर्मचारीबीच समन्वय गर्ने तथा नगरपालिकाको चलअचल सम्पत्तिको संरक्षण गर्ने जिम्मेवारीसमेत प्रमुख प्रशासकीय अधिकृतको रहने कानुनी व्यवस्था छ।

सोलुखुम्बु हेलिकप्टर दुर्घटनाका मृतक र घाइतेको पहिचान खुल्यो

सोलुखुम्बु, १७ कात्तिक (रासस)।

सोलुखुम्बुको खुम्बु पासाङल्हामु गाउँपालिका-४ फेरुचेमा दुई हेलिकप्टर एकापसमा ठोक्किँदा मृत्यु भएका भारतीय नागरिकसहित घाइते तीन जनाको पहिचान खुलेको छ।

हेलिकप्टर दुर्घटनामा भारत-तमिलनाडु राज्यअन्तर्गत चेन्नईका ४७ वर्षीय वसन्तकुमार बलरामुडुको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय सोलुखुम्बुले जनाएको छ। मृतकको शव प्रभु एयरको हेलिकप्टरमार्फत लुक्ला ल्याइएको छ।

घाइते अवस्थामा रहेका फिस्टेल एयरका पाइलट रवीन्द्र प्रजापति, डाइनेस्टी एयरका पाइलट प्रजल केसी र भारतीय मूलका न्युजिल्यान्डका नागरिक ४९ वर्षीय सेलिसकिसन पटेललाई प्रभु एयरको हेलिकप्टरमार्फत उद्धार गरी उपचारका लागि ललितपुरस्थित मेडिसिटी अस्पताल लगिएको जिल्ला प्रहरी कार्यालय सोलुखुम्बुका सूचना अधिकारी प्रहरी निरीक्षक मौसम तामाङले जानकारी दिनुभयो। हेलिकप्टर दुर्घटना हुँदा फिस्टेल एयरमा चालक दलका सदस्यसहित तीन जना सवार थिए।

मंगलबार बिहान करिब ८:१० बजे फिस्टेल एयर र डाइनेस्टी एयरका हेलिकप्टर फेरुचेस्थित हेलिप्याडमा अवतरण गर्ने क्रममा एकापसमा ठोक्किएर दुर्घटना भएको प्रहरीले जनाएको छ।

नदी नियन्त्रणमा पहिलो त्रैमासिकमा ३४ दशमवल नौ प्रतिशत प्रगति

काठमाडौँ, १७ कात्तिक (रासस)।

ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयले चालु आर्थिक वर्षको पहिलो त्रैमासिकमा नदी नियन्त्रणतर्फ ३४ दशमलव नौ प्रतिशत प्रगति हासिल गरेको जनाएको छ।

मन्त्रालयअन्तर्गतको नदी तथा जल उत्पन्न विपद् व्यवस्थापन महाशाखाका प्रमुख रवीन्द्रबहादुर थापाका अनुसार उक्त कार्यक्रमका लागि चालु आवमा रु पाँच अर्ब २० करोड ९० लाख बजेट विनियोजन भएको थियो।

पहिलो त्रैमासिकमा छुट्याइएको रु ६२ करोड ७४ लाख बजेटमध्ये रु १४ करोड ७० लाख खर्च भएको छ, जुन त्रैमासिक बजेटको २३ दशमलव ४ प्रतिशत हो। सोही अवधिमा त्रैमासिक लक्ष्यको तुलनामा ३४ दशमलव नौ प्रतिशत भारित भौतिक प्रगति भएको छ। उक्त अवधिमा दुई दशमलव नौ किलोमिटर तटबन्ध निर्माण र एक हेक्टर जग्गा उकास भएको महाशाखाका प्रमुख थापाले बताउनुभयो।

उहाँका अनुसार केही आयोजनाले भने त्रैमासिक लक्ष्यभन्दा उल्लेखनीय रा काम गरेका छ। सिँचाइ तथा जलस्रोत व्यवस्थापन आयोजना, भरतपुर (चितवन) ले त्रैमासिक भौतिक लक्ष्यको १६० दशमलव आठ प्रतिशत प्रगति हासिल गरेको छ। टार-बजार संरक्षण कार्यक्रमले लक्ष्यको १०८ प्रतिशत प्रगति गरेको छ। लमही (दाङ)ले ८६ दशमलव पाँच प्रतिशत, कञ्चनपुरले ८२ दशमलव पाँच प्रतिशत र जनकपुर (धनुषा)ले ८२ दशमलव तीन प्रतिशत भौतिक प्रगति हासिल गरेको महाशाखाले जनाएको छ।

विश्व समाचार

एल निनोले विश्वभर खाद्य संकटको जोखिम बढायो

पेरिस, १७ कात्तिक (रासस/एएफपी)।

शक्तिशाली एल निनोका कारण भारत र नेपालमा भारी वर्षा तथा दक्षिण अमेरिकामा खडेरीको प्रभाव देखिएको छ। यसले धान, मकै, कफी र अन्य प्रमुख बालीको उत्पादन प्रभावित पार्ने जोखिम बढाएपछि आगामी वर्ष खाद्यान्नको मूल्य १८ प्रतिशतसम्म बढ्न सक्ने विश्व बैंकले अनुमान गरेको छ। भारतको दक्षिणपूर्वी तटमा चक्रवातका कारण कम्तीमा तीन जनाको मृत्यु भएको र करिब एक लाख मानिस विस्थापित भएका थिए। चक्रवात नेपालतर्फ अघि बढ्दा उच्च हिमाली क्षेत्रमा भारी हिमपात र वर्षा भएको थियो। बोलिभियामा खडेरीले ७८ हजार परिवार प्रभावित पार्नुका साथै ७५ हजारभन्दा बढी गाईवस्तु मरेपछि राष्ट्रपति रोड्रिगो पाजले आपत्काल घोषणा गर्नुभएको छ। पेरुमा वन डढेलोका कारण कम्तीमा १२ जनाको मृत्यु भएको छ भने डेङ्गुको जोखिम पनि बढेको छ। सिकागो विश्वविद्यालयको क्लाइमेट इम्प्याक्ट ल्याबका अनुसार एल निनोका कारण जुनयता विश्वभर गर्मीसम्बन्धी थप चार लाख ८४ हजार ५०० जनाको मृत्यु भएको अनुमान छ। आगामी छ महिनामा थप तीन लाख ७३ हजार जनाको मृत्यु हुन सक्ने आकलन गरिएको छ। संयुक्त राष्ट्रसङ्घीय खाद्य तथा कृषि सङ्गठन (एफएओ) का अनुसार वर्षा कम हुँदा एसियामा धान तथा मेक्सिको, मध्यअमेरिका र दक्षिणी अफ्रिकामा मकै र सिमीको उत्पादन प्रभावित हुन सक्छ। पूर्वी अफ्रिकाका ज्वार र बाजरा तथा अन्य क्षेत्रको गहुँ उत्पादनमा पनि असर पर्न सक्छ। अत्यधिक वा अपर्याप्त वर्षाले कफी र कोकोको उत्पादन तथा गुणस्तर घटाउन सक्छ। बाली उत्पादनमा कमी आए खाद्यान्नको अन्तर्राष्ट्रिय मूल्य बढ्नुका साथै आयातमा निर्भर देशको खर्च र किसानको आम्दानी प्रभावित हुने जोखिम छ।

पूर्वी भारतमा दोस्रो चक्रवात, हजारौँ सुरक्षित स्थानमा सारिए

हैदराबाद, १७ कात्तिक (रासस/एपी)।

एक साताभित्र दोस्रो चक्रवात आएपछि पूर्वी भारतमा मङ्गलबार भारी वर्षा भएको छ। चक्रवात मुरासुका कारण सम्भावित जोखिमबाट जोगाउन हजारौँ मानिसलाई सुरक्षित स्थानमा सारिएको छ भने विद्यालय बन्द गर्नुका साथै रेल र केही हवाई सेवा रोकिएको छ। भारतीय मौसम विभागका अनुसार चक्रवात मुरासु मङ्गलबार बिहान आन्ध्र प्रदेशको प्रकाशम जिल्लास्थित ओङ्गोल नजिकै तटीय क्षेत्रमा प्रवेश गरेको थियो। त्यसबेला आँधीको अधिकतम हावाको गति प्रतिघण्टा १०० देखि ११० किलोमिटर थियो। चक्रवात कमजोर हुँदै गए पनि त्यसपछि केही घण्टासम्म भारी वर्षा हुने पूर्वानुमान गरिएको छ। अधिकारीहरूले वर्षाका कारण तल्लो क्षेत्रमा बाढी आउनुका साथै जनजीवन प्रभावित हुन सक्ने चेतावनी दिएका छन्। भारतीय मौसम विभागका अनुसार तटीय क्षेत्रमा १.५ मिटरसम्म अग्लो समुद्री छाल उठ्न सक्ने सम्भावना छ। आँधी आउनुअघि नै अधिकारीहरूले जोखिमयुक्त क्षेत्रका बासिन्दालाई सुरक्षित स्थानमा सारेका थिए। सम्भावित जोखिमलाई ध्यानमा राख्दै विद्यालय बन्द गरिएको थियो भने रेल सेवा र केही उडानसमेत रोकिएका थिए। मुरासु चक्रवात बङ्गालको खाडीमा विकसित भएको हो। यस क्षेत्रको न्यानो समुद्री पानीले पूर्वी भारत, बङ्गलादेश र म्यान्मामा प्रभाव पार्ने घातक चक्रवातलाई ऊर्जा प्रदान गर्दै आएको छ। यसअघि गत साता चक्रवात अर्नबले आन्ध्र प्रदेशका विभिन्न क्षेत्रमा क्षति पुऱ्याएको थियो। उक्त चक्रवातका कारण कम्तीमा पाँच जनाको मृत्यु भएको थियो भने घर तथा पूर्वाधारमा क्षति पुगेको थियो। साथै, करिब दुई लाख एकड खेतीयोग्य जमिन डुबानमा परेको थियो।

रुसी आक्रमणमा युक्रेनमा २६ जनाको मृत्यु

किएभ, १७ कात्तिक (रासस/एएफपी)।

युक्रेनको जापोरिज्जिया क्षेत्रमा मानवीय सहायता वितरण भइरहेको विद्यालयमा रुसी हवाई आक्रमण हुँदा कम्तीमा २६ जनाको मृत्यु भएको छ। युद्धविराम सकिएको केही घण्टामै भएको आक्रमणले शान्तिको आशा कमजोर बनाएको युक्रेनले जनाएको छ। रुसी नियन्त्रणमा रहेको ओलेस्की सहरमा मानवीय सहायता पुऱ्याउन गत मङ्गलबारदेखि सुरु भएको युद्धविराम आइतबार समाप्त भएको थियो। सन् २०२२ मा रुसले आक्रमण सुरु गरेयता यो दुई देशबीचको सबैभन्दा लामो युद्धविराम थियो। युक्रेनी अधिकारीहरूका अनुसार युद्धविराम सकिएलगत्तै जापोरिज्जियाको एउटा गाउँमा रुसी सेनाले पटकपटक हवाई आक्रमण गरेको थियो। त्यसबेला स्थानीय विद्यालयमा सहायता लिन मानिसहरू भेला भएका थिए। मृतकमध्ये दुई उद्धारकर्मी र चार प्रहरी अधिकारी रहेको कार्यवाहक क्षेत्रीय गभर्नर मिखाइलो सेमिकिनले बताउनुभएको छ। राष्ट्रपति भोलोदिमर जेलेन्स्कीले सहायता लिन पुगेका मानिसमाथि पहिलो आक्रमणपछि आश्रयस्थललाई लक्षित गरी पुन: बमबारी गरिएको बताउनुभयो। मृत्यु हुने उद्धारकर्मीमा ४४ वर्षीय डेनिस कोनोभालेन्को र ओलेक्सी सुशेभस्की रहेको आपत्कालीन सेवाले जनाएको छ। अमेरिकी प्रथम महिला मेलानिया ट्रम्पको मध्यस्थतामा भएको ओलेस्कीको मानवीय सहायता अभियानमा रुस र युक्रेनका मानव अधिकार अधिकारीहरूले सहकार्य गरेका थिए। क्रेमलिनका प्रवक्ता दिमित्री पेस्कोभले अभियान सफल भएको बताउनुभए पनि तत्काल अर्को अभियानको योजना नरहेको जनाउनुभयो। युक्रेनले युद्धविरामका बेला रुसले आफ्नो सैन्य स्थिति बलियो बनाएको आरोप लगाएको छ।

यु-१९ क्रिकेट छनोट प्रतियोगितामा सप्तरी १५ रनले विजयी



दैनिक समाचारदाता
राजविराज, १७ कात्तिक ।

राजविराजमा जारि यू-१९ मधेश प्रदेशस्तरीय क्रिकेट छनोट प्रतियोगिता अन्तरगत मंगलबार सम्पन्न खेलमा सप्तरी बिजयी भएको छ । सप्तरीले धनुषालाई १५ रनले पराजित गरेको हो ।

स्थानीय पविमावि क्रिकेट मैदानमा भएको खेलमा टस जितेर पहिले ब्याटिङ गरेको सप्तरीले ४७ ओभर २ बलमा सबै विकेट गुमाउँदै १ सय ९१ रनको योगफल खडा गरेको थियो । जसमा सन्तु मण्डलले सर्वाधिक ४७ रन बनाए । त्यस्तै रोहन विक ३७, वसन्त यादव २८, रौनक सिंह २० र निवेश मण्डलले १० रनको योगदान दिए ।

बलिङतर्फ धनुषाका आयुष यादव, अस्मित मण्डल र रोहन यादवले २/२ विकेट लिए भने मनोज मण्डलले १ विकेट हात पारे ।

एक सय ९२ रनको लक्ष्य पछ्याएको धनुषाले ३७ ओभर ५ बलमा सबै विकेट गुमाउँदै १ सय ७६ रन बनाउन सक्यो । जसमा अंकित यादव ३७, चन्दन यादव २६, रूपेश यादव १७, मनोज मण्डल १९ र आशिफ राईनले १६ रन बनाएका थिए ।

सप्तरीका बलर शिव दासले उत्कृष्ट प्रदर्शन गर्दै ४ विकेट लिए । त्यस्तै वसन्त यादवले ३ विकेट तथा अभिमन्यु सरदार, नितेश यादव र सन्तु मण्डलले समान १/१ विकेट लिन सफल भए । खेलमा उत्कृष्ट प्रदर्शन गरेका सप्तरीका शिव दास प्लेयर अफ द म्याच घोषित भए ।

प्रतियोगिता अन्तर्गत बुधबार महोत्तरी र सिरहाबीच प्रतिस्पर्धा हुने सप्तरी क्रिकेट संघका सदस्य डम्बर नारायण दासले जानकारी दिए ।

बालबालिकालाई भिटामिन र जुकाको औषधि खुवाइँदै

काठमाडौँ, १७ कात्तिक (रासस) ।

सरकारले मंगलबार र बुधबार दुई दिन बालबालिकालाई 'राष्ट्रिय भिटामिन 'ए' कार्यक्रम' सञ्चालन गरिरहेको छ ।

उक्त कार्यक्रमअन्तर्गत भिटामिन 'ए' क्याप्सुल छ महिनादेखि ५९ महिनाका बालबालिका र जुकाको औषधि एक वर्षदेखि पाँच वर्षसम्मका बालबालिकालाई खुवाइँदैछ ।

स्वास्थ्य सेवा विभागका पोषण शाखा प्रमुख लीलाविक्रम थापाले भिटामिन 'ए' करिब २१ लाख बालबालिका र जुकाको औषधि करिब २० लाख बालबालिकालाई खुवाइने बताउनुभयो ।

अभिभावकहरुले आफ्ना बालबालिकालाई पायक पर्ने ठाउँमा समय मिलाएर लगेर ती औषधि खुवाउन उहाँले आग्रह गर्नुभयो ।

थापाकाअनुसार कार्यक्रमका लागि ५२ हजार महिला स्वास्थ्य स्वयंसेविका र १० हजार स्वास्थ्यकर्मी खटिँदै हुनुहुन्छ । सरकारले प्रत्येक वर्ष कात्तिक र वैशाखमा भिटामिन 'ए' र जुकाको औषधि बालबालिकालाई निःशुल्क खुवाउने गरेको छ ।

बालबालिकामा हुनसक्ने स्वास्थ्य जटिलता तथा कुपोषणको जोखिम न्यूनीकरण गर्नका लागि विस २०५० देखि भिटामिन 'ए' क्याप्सुल र विस २०५६ देखि जुकाको औषधि नियमित खुवाउने गरिएको छ ।

'लालपुर्जा' पाउन ...

तर अहिलेसम्म मन्त्री यादवको निर्देशको कुनै पालना नभएको संघर्ष समितिका अर्का सदस्य विरेन्द्र गुप्ताले गुनासो पोखे । सप्तरी सदरमुकाम राजविराज नगरपालिकाको ७० विगहा क्षेत्रमा नगरस्थापनाकाल देखि नै आफ्नै लगानीमा भवन संरचना बनाएर बसोबास गर्दै आएका ५ हजार २ सय परिवार अझै लालपुर्जा पाउन सकेका छैन । लालपुर्जाका लागि पछिल्लो समय नगरवासीले संघर्ष समिति नै गठन गरी लगातार ५० दिनसम्म आन्दोलन गरेका थिए ।

सरकारी खरिद प्रणालीमा विवरण हेरफेर गर्ने पक्राउ

काठमाडौँ, १७ कात्तिक (रासस) ।

नेपाल प्रहरीले सरकारी खरिद प्रणालीमा अनधिकृत पहुँच पुऱ्याइ विभिन्न ठेक्काको विवरण हेरफेर गर्ने तीन जनालाई पक्राउ गरेको छ ।

प्रहरीको साइबर ब्युरोले सार्वजनिक खरिद अनुगमन कार्यालय (पिपिएमओ) को इ-सरकारी खरिद प्रणालीमा अनधिकृत पहुँच पुऱ्याइ विभिन्न ठेक्काका विवरण हेरफेर गरेको आरोपमा उनीहरुलाई पक्राउ गरेको हो ।

ब्युरोका प्रवक्ता, प्रहरी उपरीक्षक दीपकराज अवस्थीले ठेक्काको आर्थिक प्रस्ताव खोल्नुअघि नै प्रस्तावसँग सम्बन्धित कागजात (डकुमेन्ट) परिवर्तन गरेको आरोपमा तीन जनालाई पक्राउ गरेको जानकारी दिनुभयो । पक्राउ परेका व्यक्तिको परिचय भने खुलाइएको छैन ।

ब्युरोमा प्राप्त निवेदनका आधारमा गरिएको प्राविधिक अनुसन्धान तथा विश्लेषणबाट संलग्नता खुलेपछि जिल्ला अदालत काठमाडौँबाट पक्राउ अनुमति लिएर उनीहरुलाई पक्राउ गरिएको प्रवक्ता अवस्थीले बताउनुभयो ।

पक्राउ परेका व्यक्तिमाथि विद्युतीय (इलेक्ट्रोनिक) कारोबार ऐन, २०६३ अन्तर्गतको कसुरमा काठमाडौँ जिल्ला अदालतबाट म्याद थप गरी थप अनुसन्धान भइरहेको प्रवक्ता अवस्थीले बताउनुभयो ।

मंगलमय शुभकामना

२०८३ सालको शुभ दिपावली एवं छठ पर्वको पुनित अवसरमा सुस्वास्थ्य, दिर्घायु, शान्ति र अमनचयनको कामना गर्दै सम्पूर्ण शेयर सदस्य, कर्मचारी, नगरवासी, जिल्लावासी एवं देशवासीमा हार्दिक मंगलमय शुभकामना न्यक्त गर्दछौं ।





सचिन्द्र दास
अध्यक्ष, तथा
जनमूखी बहुउद्देश्यीय सहकारी संस्था लि.
राजविराज ४, सप्तरी, परिवार

मंगलमय शुभकामना

२०८३ सालको शुभ दिपावली एवं छठ पर्वको पुनित अवसरमा सुस्वास्थ्य, दिर्घायु, शान्ति र अमनचयनको कामना गर्दै सम्पूर्ण शेयर सदस्य, कर्मचारी, नगरवासी, जिल्लावासी एवं देशवासीमा हार्दिक मंगलमय शुभकामना न्यक्त गर्दछौं ।





विश्वनाथ मण्डल
अध्यक्ष
तथा
जन ज्योति कृषि सहकारी संस्था लिमिटेड
संचालक समिति परिवार
राजविराज९, मलेठ, सप्तरी

मंगलमय शुभकामना

२०८३ सालको शुभ दिपावली एवं छठ पर्वको पुनित अवसरमा सुस्वास्थ्य, दिर्घायु, शान्ति र अमनचयनको कामना गर्दै सम्पूर्ण शेयर सदस्य, कर्मचारी, नगरवासी, जिल्लावासी एवं देशवासीमा हार्दिक मंगलमय शुभकामना न्यक्त गर्दछौं ।





शत्रुघन प्रसाद गुप्ता
अध्यक्ष, तथा
नेपाल सहकारी संस्था लि.
राजविराज ३, सप्तरी, परिवार

प्रकाशक/सहसम्पादक : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **लेआउट** : संजय शंखर
मुद्रण : न्यू नवीन प्रेस, राजविराज, **फोन** : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, ***वेवसाइट*** : *rajbirajdainik.com.np*